त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS
Accredited by University Grants Commission (UGC) Nepal 2020
5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

प.सं.च.नं: ४८ ।२०८०।०८१

मिति : २०८०/१२/०६

## नयां छात्रावास भर्नाका लागि दरखास्त आव्हान गरिएको बारे ।

उपरोक्त सम्बन्धमा यस क्याम्पसमा २०८० सालमा वि.इ/वि.आर्क तहमा भर्ना भएका विद्यार्थीहरु मध्येवाट प्रवेश परीक्षाको प्राप्तांक तथा एस एल सी पास गरेको जिल्ला र स्थायी वसोबास गर्दै आएको जिल्लाको स्कोरको आधारमा यस पुल्चोक क्याम्पसको नयां छात्रावासमा ९० जना विद्यार्थी आवाशिय सुविधा प्राप्त गर्नसक्ने क्षमता भएको हुंदा उक्त आवाशिय सुविधा प्राप्त गर्नको लागि संलग्न फाराममा उल्लेख भएबमोजिमको शर्तहरु रितपूर्वक भरी मिति २०८० चैत्र ३० गते भित्र नयां छात्रावास प्रशासनमा बुझाउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही नहुने तथा झुठा ब्यहोरा पेश गरेको प्रमाणित भएको खण्डमा त्यस्ता आवेदन रद्ध गरिने ब्यहोरा यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । आवेदन फाराम क्याम्पसको वेवसाइटमार्फत पनि डाउनलोड गर्नसकिनेछ ।

१) दरखास्त फाराम वितरण मिति : २०८०/१२/०६

२) दरखास्त बुझाउने अन्तिम मिति : २०८०/१२/३०

३) दरखास्त फाराम वितरण र बुझाउने समय : बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म

४) दरखास्त फाराम वितरण तथा बुझाउने स्थान : इ.अ.सं., नयां छात्राबास, पुल्चोक, ललितपुर ।

५) दरखास्त फाराम बुझाउँदा संलग्न गर्नुपर्ने कागजातहरु :-

क) एस.एल.सी (SLC)/एस.इ.इ(SEE) को मार्कसिट (Mark sheet) र Character Certificate को फोटोकपी ।

ख) नेपाली नागरिकताको फोटोकपी/ विदेशीको हकमा पासपोर्टको फोटोकपी ।

ग) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो-२ (दुई) प्रति ।

घ) प्रवेश परीक्षाको प्रवेश पत्र (Entrance Admission Card) को फोटोकपी ।

ङ) म.न.पा, उ.म.न.पा, न.पा वा गा.वि.स.मा बसोबास गरेको पुष्टी प्रमाणित हुने स्थानिय निकायले प्रदान गरेको सक्कल सिफारिस पत्र ।

उप.प्रा. रोशन कार्की
सुपरिवेक्षक

बोधार्थ:-

१) श्रीमान् क्याम्पस प्रमुखज्यू,इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक ।

२) श्री सिभिल/आर्कीटेक्चर/इलेक्ट्रीकल/ इलेक्ट्रोनिक्स एण्ड कम्प्युटर/मेकानिकल एण्ड एरोस्पेश/केमिकल विभाग/CIT, इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोक ।

३) श्रीमान् सभापतिज्यू, स्ववियू, इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोक ।